# माध्यमिक तह (कक्षा ९-१०) को सामाजिक अध्ययन विषयको पुनर्ताजगी शिक्षक तालिम पाठ्यक्रम

## १. परिचय

पेसाकर्मीको ज्ञान र क्षमतामा आएको परिष्कृतपनले कार्यदक्षतामा उत्कृष्टता ल्याउँछ । ज्ञान, सिप र क्षमताको विकास गर्ने विभिन्न तरिका र माध्यमहरू हुन सक्छन् । पेसागत विकास गर्ने एउटा महत्त्वपूर्ण माध्यम तालिम पनि हो । विद्यालयको कक्षाकोठामा प्रभावकारी शिक्षण सिकाइका लागि शिक्षक दक्ष हुनुपर्छ । दिनदिनै समसामयिक रूपमा नयाँ नयाँ विषयवस्तु थपिँदै जाने हुँदा सामाजिक अध्ययन विषयका विषयवस्तुहरूमा शिक्षक अद्यावधिक हुन जरुरी छ । विद्यालय तहको पाठ्यक्रममा समय सान्दर्भिक रूपमा परिमार्जन भएको, शिक्षकहरूलाई विषयवस्तु र शिक्षण सिपका प्रयोगका सन्दर्भमा समय समयमा पुनर्ताजगी गराइराख्नु पर्ने आवश्यक भएको र निरन्तर विकास हुँदै गरेका नवीनतम् ज्ञान र प्रविधिसँग परिचय हुन र प्रयोग गर्नका लागि शिक्षकको पेसागत विकास अपरिहार्य छ।

माध्यमिक तह ( कक्षा ९ र १०) मा सामाजिक अध्ययन विषय अध्यापन गर्ने शिक्षकहरूको पेसागत विकासका लागि उहाँहरूको आवश्यकता (माग) को आधारमा यो पाठ्यक्रम विकास गरिएको हो । यस पाठ्यक्रमले माध्यमिक तहमा सामाजिक अध्ययन विषय शिक्षण गर्ने शिक्षकहरूमा मानवीय मूल्य/नैतिकता, पेसाप्रति उत्प्रेरणा बढाउने, नक्सा निर्माण गर्ने सिप, विद्यार्थी मूल्याङ्कन, प्रश्न निर्माण, सिकाइ सामग्री निर्माण, सिकाइमा मल्टिमिडियाको प्रयोय गर्ने सिप, विषयगत विषयवस्तुको ज्ञान र शिक्षण पेसाप्रति सकारात्मक धारणाको विकास गर्ने र विद्यार्थीहरूको सिकाइ उपलब्धिमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

शिक्षकको पेसागत विकासमा सहयोग पुर्याउन यो पाठ्यक्रम तयार गर्दा शिक्षकहरूलाई अवश्यकता फाराम भर्न लगाई विषयवस्तुको सङ्कलन गरिएको छ । यो तालिमले माध्यमिक तहको पाठ्यक्रम अध्ययन, उपयुक्त शिक्षण सामग्री निर्माण, विधि र सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहजीकरण, हाम्रो पृथ्वी, मानवमूल्य, विध्यार्थी मूल्याङ्कनजस्ता मुख्य विषयवस्तुहरू समावेश गरिएको छ । यो तालिम पाठ्यक्रममा समावेश गरिएका विषयवस्तुहरूलाई सक्रिय सिकाइका लागि विभिन्न विधि र प्रक्रियाहरूको अवलम्बन गरी आमने सामने र अनलाइनमा आधारित तालिममा अधारित भएर शिक्षकको पेसागत विकास गरिने छ ।

## २. तालिमका सक्षमताहरू

यस तालिमपश्चात् माध्यमिक तहको सामाजिक अध्ययन अध्यापन गर्ने शिक्षकहरूमा निम्नलिखित सक्षमता हासिल हुने छन् ।

- मानव मूल्यको पहिचान र उपयोग
- पाठ्यक्रममा आधारित भएर उपयुक्त विधि र सामग्री छनोट, निर्माण तथा प्रयोग
- सामाजिक अध्ययन विषयको शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग
- नक्सा निर्माण र अध्ययन गर्ने सिप विकास
- रुब्रिक्स निर्माण र प्रयोग गर्ने सिप विकास
- संविधान,कार्यपालिका, व्यवस्थापिका, न्यायपालिका र निर्वाचनसम्बन्धी अवधारणा विषयवस्तुसँग सम्बन्धित कठिनाइ पहिचान र समाधान

## ३. तालिमका सिकाइ उपलब्धि

यस तालिमपश्चात् माध्यमिक तहको सामाजिक अध्ययन अध्यापन गर्ने शिक्षकहरूमा निम्नलिखित सिकाइ उपलब्धि हासिल हुने छन् ।

- नैतिकता र मानवमूल्यको अवधारणालाई व्यवहारमा प्रयोग गर्न
- सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी शिक्षण गर्न
- नक्साको अवधारणा र प्रकार बताउन र नक्सा निर्माणसम्बन्धी सिप प्रस्तुत गर्न
- विद्यार्थी मूल्याङ्कनको अवधारणा बताउन र रुब्रिक्सको नमुना तयार गर्न
- उपयुक्त सामग्री छनोट गरी नमुना सामग्री तयार गर्न
- समय, अक्षांश देशान्तर, हावापानीलगायतका विषयवस्तुको परिचय दिन
- संविधान, कार्यपालिका व्यवस्थापिका न्यायपालिका र निर्वाचनसम्बन्धी अवधारणा बताउन
- विद्यार्थी केन्द्रित शिक्षण विधिको प्रयोग गरी हाम्रो पृथ्वी, नागरिक चेतना र कठिन विषयवस्तुको शिक्षण गर्न।

## ४. तालिमका मुख्य विषयवस्तुहरू

यस तालिमका मुख्य विषयवस्तुहरू यसप्रकार छन् ।

- पेसागत मूल्य
- सामाजिक तथा मानवीय मूल्य शिक्षा र शिक्षण विधि
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि
- नक्सा कार्य

- रुब्रिक्स
- विषयवस्तुसम्बन्धी ज्ञान ।

५. विषयवस्तुको क्षेत्र र क्रमको विस्तृतीकरणको ढाँचा

| क्र.सं. | मुख्य विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | सम्भावित क्रियाकलाप/विधिहरू | भार |
|---|---|---|---|---|
| १. | पेसागत नैतिकता र निष्ठा | • पेसागत आचारसहिता<br>• पेसागत मूल्य र मान्यता<br>• अधिकार र कर्तव्य<br>• आत्मानुशासन<br>• पेसाप्रतिको सकारात्मक सोच<br>• उत्प्रेरणा | पेसागत आचारसंहिता र मूल्य मान्यताको बोध गराउने<br><br>अधिकार र कर्तव्यको बोध गराउने क्रियाकलाप /खेल खेलाउने<br><br>छलफल अन्तर्क्रिया गर्ने | १ |
| २. | सामाजिक तथा मानव मूल्य शिक्षा र शिक्षण विधि | • मानवीय मूल्य शिक्षा र शिक्षण विधि<br>• आत्मानुशासनः मर्यादित व्यवहार, सत्या निष्ठा, संयमिति र सभ्य आचरणसँग सम्वन्धित क्रियाकलापहरू | • Activities related to Transformative Pedagogy for Social and human value education (सहयोग र सदभाव, शान्ति र सहिष्णु संस्कार / समभाव र सकारात्मक सोच : Respect, Responsibilities, Empathy, Reconciliation, Self-discipline and Positive thinking)<br>• silence journey | २ |

| | | | | |
|---|---|---|---|---|
| ३. | सूचना तथा सञ्चार प्रविधि/ | • सामाजिक अध्ययन शिक्षणमा सूचना तथा सञ्चार<br>• tools,-google doc, quiz, google drive, slide<br>• use of google map and google earth<br>• विद्युतीय सामाग्रीको खोजी र निर्माण | • प्रयोगात्मक अभ्यास कार्य<br>• समूह कार्य र प्रस्तुतीकरण<br>• भिडियो प्रस्तुति | ३ |
| ३. | नक्सा कार्य | • परिचय, प्रकार, उपयोगिता र नक्सा उतार्ने विधि<br>• नक्सामा सङ्केत र स्केलको प्रयोग<br>• नक्सा अध्ययन | • नक्सा कार्यको अभ्यास<br>• छलफल | 3 |
| ४. | विद्यार्थी मूल्याङ्कनमा रुब्रिक्सको प्रयोग | • मूल्याङ्कनको अवधारणा<br>• रुब्रिक्सको प्रकार<br>• रुब्रिक्स निर्माण | • ब्लुम्सको परिमार्जित Taxonomi मा छलफल,<br>• सहजकर्ताबाट रुब्रिक्सको नमुना प्रस्तुति<br>• सहभागी समूहबाट रुब्रिक्सको नमुना निर्माण प्रस्तुतीकरण र पृष्टपोषण | 2 |
| ५. | हाम्रो पृथ्वी | • हावापानी<br>परिचय, क्षेत्र, प्रभाव पार्ने तत्त्व वनस्पती र जनजीवनसँगको सम्बन्ध<br>• अक्षांश र देशान्तर<br>• समय निर्धारण | समूह छलफल र प्रस्तुतीकरण, पृष्ठपोषण<br>अक्षांश र देशान्तरको नमुना निर्माण<br>समय निर्धारणको गणितीय अभ्यास | 2 |

| | | | | |
|---|---|---|---|---|
| ६. | नागरिक चेतना | • संविधानको परिचय<br>• व्यवस्थापिका कार्यपालिका र न्यायपालिका<br>• निर्वाचन प्रक्रिया | समूह छलफल<br>प्रस्तुतीकरण<br>• अभिनय | 2 |

द्रष्टव्य:- सहभागीहरूले तालिममा कक्षाकार्यका अलावा यसप्रकारका कार्यमा सहभागी हुनुपर्ने छ।

१. प्रत्येक सहभागीले तालिममा दैनिक रूपमा सिकेका ज्ञान र सिपलाई दैनिकी लेखनका रूपमा प्रतिबिम्बन तयार गर्ने

२. प्रशिक्षक वा सहजकर्ताले प्रदान गरेको assignment गर्ने ।

## ६. तालिम सञ्चालनका सम्भावित विधिहरू / तरिका

यस तालिमको सञ्चालन आमनेसामने र अनलाइन दुवै तरिकाबाट गर्न सकिने छ ।

यस विषयको तालिम प्रभावकारी ढङ्गबाट सञ्चालन गर्न निम्नानुसारका विधिहरू प्रयोग गर्न सकिन्छ ।

- छलफल
- प्रदर्शन
- क्षेत्र भ्रमण
- परियोजना
- व्याख्यान
- प्रश्नोत्तर

## ७. तालिममा सहभागीहरूको मूल्याङ्कन

तालिम सञ्चालनको क्रममा सहभागीहरूको मूल्याङ्कन यसप्रकार गर्न सकिन्छ ।

क) सहभागीको नियमितता, सहभागिता, सक्रियता

ख) सिर्जनात्मकता

## ८. तालिमको मूल्याङ्कन

सहभागीहरूलाई यसप्रकारको फाराम भर्न लगाएर तालिमको मूल्याङ्कन गर्न सकिन्छ । तालिम मूल्याङ्कनका लागि तपसिलअनुसारको फाराम भर्न लगाउने

तपाईँ सहभागी हुनु भएको यो तालिम कार्यक्रम कस्तो लाग्यो, कृपया उपयुक्त स्थानमा ठिक चिन्ह लगाउनुका साथै तालिम कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि आवश्यक थप सुभाबहरू दिनुहोस्।

| क्र.स | मूल्याङ्कनका क्षेत्रहरू | श्रेणी मापन | | | कैफियत |
|---|---|---|---|---|---|
| | | प्रभावकारी | सामान्य | कमजोर | |
| १ | तालिमका विषयवस्तुहरू | | | | |
| २ | तालिम विधि | | | | |
| ३ | प्रशिक्षकहरूको प्रयास | | | | |
| ४ | तालिम कक्ष | | | | |
| ५ | तालिम सामग्री | | | | |
| ६ | तालिम अवधि | | | | |
| ७ | अन्य | | | | |

तालिमको प्रभावकारिता वृद्धिका लागि तालिम केन्द्रलाई तपाईँका थप राय सुझावहरू उल्लेख गर्नुहोस् ।